# प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धी विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ: | यस ऐनको संक्षिप्त नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" राखिएको छ। स्थानीय तहको पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन रहेकोले र स्थानीय तहको पदाधिकारी नियुक्त भई सकेको अवस्थामा तत्काल लागु हुने गरी प्रारम्भ तोकिएको छ। |
| २ | परिभाषा : | विधेयकमा प्रयुक्त शब्दहरुको परिभाषा गर्नु आवश्यक भएकोले |
| ३ | सुविधा: | पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनित भएको मिति देखि अनुसूची–१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरे बमोजिमको सुविधा तथा भत्ता पाउने व्यवस्था गरिएको। |
| ४ | सभाका सदस्यहरुको भत्ता: | मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा वा स्थानीय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागिं बैठक भत्ता वापतको रकम सम्बन्धी व्यवस्था गरिएको। |
| ५ | यातायात सुविधा: | प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षलाई स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित स्थानीय तहले सवारी साधन (चारपाङ्ग्रे र दुईपाङ्ग्रे) उपलब्ध गराउन सक्ने सम्बन्धी व्यवस्था गरिएको। |
| ६ | पत्रपत्रिका र सन्चार सुविधा: | स्थानीय तहले पदाधिकारी तथा सदस्यलाई स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित सभाले तोके बमोजिम न्यूनतम संख्यामा पत्रपत्रिका खरिद गरी उपलब्ध गराउने र पदाधिकारी तथा सदस्यलाई सन्चार सुविधा वापत रकम स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाबाट पारित भए बमोजिमको सन्चार सुविधा |



Scanned by CamScanner

| | | |
|---|---|---|
| | | वापतको रकम दिइने सम्बन्धमा व्यवस्था गरिएको । |
| ७ | दैनिक भ्रमण भत्ता: | पदाधिकारी, सदस्य तथा सभाका सदस्यले कार्यालय कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा दैनिक भ्रमण भत्ता, यातायात खर्च वापत वील बमोजिमको रकम, दुर्घटना विमा गर्दा लाग्ने विमा शुल्क वापत विल बमोजिमको रकम, पदाधिकारी तथा सदस्यहरूको भ्रमण सम्बन्धी अन्य व्यवस्था स्थानीय कार्यपालिकाले तोके बमोजिम हुने भनी व्यवस्था गरिएको । |
| ८ | दोहोरो पर्ने गरी सुविधा नपाउने: | नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाई रहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा निजले मासिक सुविधाको ५० प्रतिशत रकम मात्र पाउने र सो वाहेकका सुविधा अन्य पदाधिकारी तथा सदस्यले पाए सरह पाउने सम्बन्धमा व्यवस्था गरिएको । |
| ९ | दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा: | कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न निजलाई परिचारकको सेवा आवश्यक भएमा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने एकजना परिचारक उपलब्ध गराउने, सो परिचारकलाई सदस्य वा सभाका सदस्यलाई उपलब्ध गराइए सरहको बैठक भत्ता बराबरको रकम दैनिक भत्ता र यातायात भत्ता भनी विशेष सुविधा दिने सम्बन्धमा व्यवस्था गरिएको । |
| १० | भत्ता तथा सुविधा वापतको रकम भुक्तानी: | स्थानीय तहको पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँकार्यपालिका, नगरकार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोमार्फत भुक्तानी गर्नु पर्ने, तर खाता नखोल्दासम्म सम्बन्धित कार्यालयबाट उपलब्ध गराउन सकिने |



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा

Scanned by CamScanner

| | | |
|---|---|---|
| | | व्यवस्था गरिएको । |
| ११ | भत्ता नपाउने: | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदवाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता नपाउने, तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले सुविधा पाउन बाधा नपर्ने गरी व्यवस्था गरिएको । |
| १२ | अनुसूचीमा हेरफेर गर्न सक्ने: | प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस ऐन बमोजिम उपलब्ध भईरहेको सुविधामा मर्का नपर्ने किसिमवाट अनुसूचीमा हेरफेर गर्न सक्ने सम्बन्धमा व्यवस्था गरिएको । |
| १३ | अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने: | यस ऐनमा लेखिएदेखि बाहेकका अन्य सुविधा तथा भ्रमण खर्च सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको । |
| १७ | अनुसूची -१ | यस अनुसुचीमा यस अनुसुचीमा स्थानीय तहको पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा (मासिक सुविधा,संचार सुविधा, दैनिक तथा भ्रमण भत्ता, यात्रा विमा रकम) सम्बन्धमा व्यवस्था गरिएको । |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा

Scanned by CamScanner

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा

# अनुसूची १

(दफा ३, ५, ६, ७ र ८ सँग सम्बन्धित)

## पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा

### (क)गाउँकार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३१,५०० | २६,५०० | २०००० | २०००० | ७००० |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | .... | ..... | ..... | ..... | ..... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | १५०० | १००० | १००० | १००० | |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १६०० | १६०० | १६०० | १६०० | १६०० |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १५० | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १०. | १०. | १०. |

### (ख) नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधा

#### (अ) नगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३५००० | ३१००० | २२००० | २२००० | ७००० |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा



Scanned by CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | २००० | १५०० | १५०० | १००० | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १६०० | १६०० | १६०० | १६०० | १६०० |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १५० | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

(आ) उपमहानगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४१००० | ३५००० | २५००० | २५००० | ७००० |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | ३००० | २००० | १५०० | १२०० | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २००० | २००० | २००० | २००० | २००० |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १७५ | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |



Scanned by CamScanner

(इ) महानगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४३,५०० | ४१, ५०० | २८००० | २८००० | ७००० |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | ३००० | ३००० | २००० | १५०० | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २००० | २००० | २००० | २००० | २००० |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २०० | १७५ | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) . | १० | १० | १० | १० | १० |

(ख) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| | | | प्र.३ | प्र.३ | प्र.३ |
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४४००० | ४२००० | ............... |
| २ | बैठक भत्ता | . | ............ | ........ | १५०० |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | २००० | १५०० | १५०० |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २००० | २००० | २००० |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं.-२ जनकपुरधाम, धनुषा



Scanned by CamScanner

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २०० | १७५ | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १०. |

द्रष्टव्यःपदाधिकारी, सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं.-२
जनकपुरधाम, धनुषा



Scanned by CamScanner